हरिवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

मधेश प्रदेश, नेपाल

## फोहोर मैला व्यवस्थापनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७९/०५/१८)**

हरिवन नगरपालिकाको क्षेत्रभित्र उत्पादन हुने फोहोर मैला व्यवस्थापनको कार्य देहायको शर्त बन्देजको अधिनमा रही सार्वजनिक निजी साझेदारीमा गर्नु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त बन्देज**

१. प्रस्तावसँगसँगै फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरणको प्रमाणपत्रको छाया प्रति, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको छाया प्रति, स्थायी लेखा नम्वर वा मूल्य अभिबृद्धि कर दर्ता भएको प्रमाणपत्रको छाया प्रति, फर्म वा संस्थाको विधान, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको छाया प्रति आदि संलग्न हुनु पर्नेछ ।

२. आर्थिक वर्ष २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको छाया प्रति ।

३. फोहोर मैला हरेक हप्ता ५ दिन (बुधवार र शनिवार बाहेक) सङ्कलन गरी नगर क्षेत्र सफा राख्नु पर्नेछ ।

४. सङ्कलित फोहोर मैलालाई कुहिन, नकुहिने (पुन: प्रयोग गर्न सकिने) र नकुहिने (पुन: प्रयोग गर्न नसकिने) गरी छुट्याइ

(क) कुहिने फोहोर मैलालाई तत्काल प्राङ्गारिक मल बनाई व्यावसायिक रुपमा नै बिक्री वितरण गर्न सक्ने र दीर्घकालीन रुपमा घरघरमै प्राङ्गारिक मल बनाउन सिकाइ प्रयोगमा ल्याउन अभिप्रेरित गरी घरबाटै कुहिने फोहोर मैला ननिस्कने वातावरण बनाउने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ख) नकुहिने (पुन: प्रयोग गर्न सकिने) फोहोरहरु बिक्री वितरण गर्न सक्ने र दीर्घकालीन रुपमा घरघरमै छुट्याइ नकुहिने (पुन: प्रयोग गर्न सकिने) फोहोर सम्बन्धित घरबाट खरिद गरी सङ्कलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा बिक्री वितरण गरी व्यावसायिक रुपमै आम्दानी गर्न सक्ने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ग) नकुहिने (पुन: प्रयोग गर्न नसकिने) फोहोरहरुलाई नगरपालिकाले तोकेको क्षेत्र वा प्रस्तावकले प्रस्ताव गरी नगरपालिकाले स्वीकृत दिएको क्षेत्रमा समेत वातावरणमा कुनै असर नपर्ने गरी व्यवस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

५. फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधार तयार गर्न, जनचेतना जगाउन, तालिम सञ्चालन गर्न र अन्य आवश्यक कार्य गर्ने नगरपालिकाले एकमुष्ट वा किस्ताबन्दीमा केही आर्थिक सहयोग उपलब्ध गराउन सक्ने छ ।

६. प्रस्तावकले फोहोर व्यवस्थापन गर्दा बिक्री वितरणबाट गरेको आम्दानी नगरपालिका र प्रस्तावक बीच हुने सम्झौता बमोजिम राजश्व नगरपालिकालाई बुझाउनु पर्नेछ ।

७. फोहोर मैला व्यवस्थापन वापत घर, पसल र प्रतिष्ठान धनीले बेहोर्नु पर्ने फोहोर मैला व्यवस्थापन शुल्क प्रस्तावमा उल्लेख हुनु पर्नेछ।

८. प्रस्ताव कार्यान्वयनको अवधि ५ (पाँच) वर्षको हुनेछ । शुरुमा १ (एक) वर्ष परीक्षणकाल हुनेछ । त्यसपछि पनि नगरपालिकालाई उपयुक्त लागेमा आवश्यकता अनुसारको म्याद थप गर्दै जान सक्ने छ ।

९. फोहोर सङ्कलन केन्द्रसम्म जाने पूर्वाधार एवम् आवश्यक अन्य निर्माण, मर्मत सम्भार नगरपालिकाले गर्नु पर्ने तर फोहोर मैला सङ्कलन केन्द्रभित्र आवश्यकता अनुसारको संरचना निर्माण एवम् मर्मत सम्भार प्रस्तावकले नै गर्नु पर्नेछ ।

१०. फोहोर मैला व्यवस्थापनको सन्दर्भमा कुनै समस्या वा विवाद उत्पान्न भएमा प्रस्तावक र नगरपालिका छुट्टा छुट्टै वा संयुक्त रुपमा मिलेर समाधान गर्ने बेहोरा उल्लेख भएको हुनु पर्नेछ ।

११. फोहोर मैला सङ्कलन तथा प्रशोधन केन्द्र नगरपालिकाले तोकेको वा स्वीकृति दिएको क्षेत्र बाहेक अन्यत्र क्षेत्रमा गर्न पाइने छैन । तर प्रस्तावकले आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा फोहोर मैला सङ्कलन तथा प्रशोधन गर्न चाहेमा नगरपालिकाको स्वीकृति लिइ गर्न सक्ने र त्यसरी प्रयोग गरेबाट भविष्यमा आउन सक्ने समस्याको जवाफदेही प्रस्तावक स्वयम् नै हुने कुरा समेत उल्लेख भएको हुनु पर्नेछ ।

१२. उल्लिखित बमोजिमका प्रावधानका अतिरिक्त नगरपालिका क्षेत्रभित्र थप रोजगार सिर्जना गर्न सक्ने, व्यावसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरिरहेका र वातावरण क्षेत्रमा विशेष कार्य गरी अनुभव प्राप्त गरेका प्रस्तावकलाई विशेष प्राथमिकता दिन सकिने छ ।

१३. यो सूचना प्रकाशित भएको मितिले १० (दस) दिनभित्र कार्यालय समयसम्ममा प्रस्ताव दर्ता गरी सक्नु पर्नेछ ।

१४. म्यादभित्र दर्ता भएका प्रस्तावहरु यो सूचना प्रकाशित भएको मितिले ११ (एघारौ) दिनको दिउँसो ०२:०० बजे यस कार्यालयमा खोलिने छ ।

१५. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सोको भोलिपल्ट हुनेछ । प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

१६. यस सूचनामा उल्लेख नभएको अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयको पूर्वाधार बिकास शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१७. कुनै पनि प्रस्ताव बिनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार हरिवन नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**